# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल


## संविधान दिवस, २०८० को

## शुभकामना

संविधान दिवस, २०८० को सुखद् अवसरमा सम्पूर्ण नगरवासीका साथै स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनार्थ भएका विभिन्न आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्ने सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै संविधान निर्माणमा योगदान गर्नुहुने सम्पूर्ण अग्रजहरूप्रति सम्मान प्रकट गर्दछु ।

केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाद्वारा सिर्जित सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य तथा विविधतायुक्त नेपालमा संघीयता सुनिश्चित गर्दै तीन तहको सरकारको माध्यमबाट देश सञ्चालन गर्ने र न्यूनतम तथा अत्यावश्यकीय सेवा सुविधाहरु स्थानीय स्तरमै प्राप्त हुने सुनिश्चिता वर्तमान संविधानले गरेको छ । संविधान दिवसको अवसरमा दक्षिणकाली नगरवासीका विकास, समृद्धि र सुशासनका सपनाले सार्थकता प्राप्त गरोस् भन्ने कामना गर्दै नगर प्रमुखको हैसियतले नगरवासीको सपनामा हातेमालो गर्दै अगाडि बढ्ने प्रण व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, संविधानको कार्यान्वयनमार्फत नगर हुँदै राष्ट्रिय समृद्धि हासिल गर्ने तथा संघीय लोकतान्त्रिक गणतन्त्रका आधारभूत मूल्य र मान्यतालाई राष्ट्रिय जीवन पद्धतिको रुपमा अपनाउन संविधान दिवस, २०८० ले हामी सबैमा थप उत्साह तथा उमङ्ग प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

मोहन बस्नेत
नगर प्रमुख
दक्षिणकाली नगरपालिका

Email : info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np